# मल्लकालीन मुद्राका विशेषताहरू

*महेशराज दाहाल*

## परिचय

लिच्छविकालपछि नेपालको इतिहासमा पूर्व-मध्यकाल आउँछ । शिवदेव तृतीयद्वारा शिवका र द्रम्भ नामक मुद्राहरू त्यस युगमा चलन चल्तीमा ल्याएइका थिए । सुन र चाँदी विशेषबाट निर्मित यी मुद्राहरूको सन्दर्भ सत्रौं शताव्दी सम्मका ऐतिहासिक श्रोतहरूमा परेको छ । सामान्यतया यी मुद्राहरूको वर्णन गरिएका विभिन्न श्रोतहरू सहित चित्र रमेश ढुङ्गेलले प्रकाशमा ल्याउनु भएको छ । (ढुङ्गेल; २०४३) पूर्व मध्यकालपछि मध्यकालीन युगको आरम्भ भएको मानिन्छ । यस युगका प्रतिष्ठित शासक जयस्थिति मल्ल र यक्ष मल्लका मुद्राहरू आजसम्म पाउन सकिएको छैन । विभाजित मल्ल राज्यका राजाहरूमध्ये रत्नमल्लले चित्लाङबाट तामा झिकाएर मुद्रा ढाल्न लगाएको कुरा भाषा वंशावलीमा वर्णित छ । (लम्साल; २०३३) तर आज सम्म तिनका मुद्राहरू प्राप्त गर्न सकिएको छैन । पश्चिम नेपालका विभिन्न राजाहरूको समयमा वस्तु किनवेच गर्दा रुपैयाँको प्रयोग भएको तर त्यस्ता रुपैयाँ पाउन नसकिएको चर्चा प्रो.डा.रामनिवाश पाण्डेले गर्नुभएको छ । (पाण्डे; २०३३) सूर्यमणि अधिकारीले पृथ्वीमल्लको कनकपत्रमा रुपैयाँ-पैसा प्रयोगमा ल्याएको कुराको उठान गरेका छन् । उनी लेख्तछन् अथक परिश्रम गर्दा पनि मुद्रा पाउन सकिएन । यी मुद्राहरू वारिबाट ल्याइन्थे वा राज्यभित्र टक्सारी गरिएको हो भन्ने सम्वन्धमा निश्चिततामा पुग्न सकिएको छैन । (अधिकारी; २०५३) पर्वतका राजा मलेवमका पालामा तामाका पैसा प्रचलनमा ल्याएको प्रसङ्ग टेकबहादुर श्रेष्ठले उठाउनु भएको छ । (श्रेष्ठ; २०४२) तर आजसम्म ती पैसा पाउन सकिएको छैन । नेपाली मुद्राको विकासको इतिहासमा मल्ल उपाधि राजाहरूमा दोलखाका राजा जय इन्द्र मल्लदेवका मुद्राहरू अग्रणी मानिन्छन् । (वज्राचार्य, श्रेष्ठ; २०३१) काठमाडौं उपत्यकाका मल्ल शासकहरूमा कान्तिपुरका राजा महेन्द्र मल्लको मुद्रा प्राप्य पहिलो मुद्रा हो । (वज्राचार्य, श्रेष्ठ; २०३१) यसपछिका शासकहरू चाहे ती पाटनका हुन्, चाहे भक्तपुरका हुन्, चाहे ती कान्तिपुरका नै किन नहुन् सवैले आ-आफ्ना राज्यका धार्मिक, सांस्कृतिक, आर्थिक र राजनीतिक पक्षलाई अङ्कन गराएर मुद्राहरू चलन-चल्तीमा ल्याएका छन् । (जोशी; २०४२) समग्र रूपमा मल्ल शासकहरूद्वारा प्रचलनमा ल्याएका मुद्राहरूलाई अध्ययन गर्दा निम्न लिखित विशेषताहरू रहेको पाइन्छ ।

## माध्यम

लिच्छविकालका प्राय: सवै मुद्राहरू तामाले बनेका छन् भने मल्लकालका अधिकांश मुद्राहरू चाँदीद्वारा निर्मित छन् । कान्तिपुरका अन्तिम मल्ल शासक जयप्रकाश मल्लले सुनका मुद्राहरू पनि प्रचलनमा ल्याएका थिए । पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा लगाएको आर्थिक नाकावन्दीको परिणाममा तत्कालीन समयमा प्रचलित मुद्राहरू भने चाँदी र तामा मिश्रित पाइएका छन् । रमेश ढुंगेलले पाटनका राजा सिद्धिनरसिंह मल्ल र विष्णु मल्लका माटाका मुद्राहरू पनि पाइएको उल्लेख गरेका छन् । पूर्णदास मानन्धरले योगनरेन्द्र मल्लका चाँदीका सिक्कामा जस्तै अक्षर पृष्ठ भागमा लिपि र चित्राकृति भएको केही अपेक्षाकृत वाक्लो आठकुने माटाबाट निर्मित दुईवटा मुद्रा प्रकाशमा ल्याएका छन् । मेरो विचारमा यी माटाका मुद्रा नभएर धातुका मुद्रा ढाल्नुभन्दा पहिले सांचोमा रहेका चिन्हहरूको स्वरूप ठीक-वेठीक कस्तो आउँछ भनेर माटामा जाँचका लागि प्रतिकृति निकाल्ने गरिन्थ्यो । ठीक भएमा मात्र त्यो सांचोबाट धातुका मुद्राहरू ढाल्ने गरिन्थ्यो । तसर्थ यी माटाका मुद्रा होइनन्, धातुका मुद्रा निकाल्नु अगाडि सांचो ठीक छ छैन भनेर जाँच गर्नाका लागि लगाइएका ढाँचाका रूप मात्र हुन् । पाटनका राजा सिद्धिनरसिंह मल्ल, कान्तिपुरका राजा प्रतापमल्ल र भक्तपुरका राजा जितामित्र मल्लका समयमा भएको सृजनात्मक होडवाजीले गर्दा हाम्रो कलाक्षेत्र धनी हुन पुगेको परिप्रेक्षमा पाटनमा प्रकाशित माटाका मुद्रा कान्तिपुर र भक्तपुर राज्यबाट पनि प्रकाशित भएको पाइनु पर्ने थियो, आजतक नपाइएका कारणले गर्दा ती माटाका मुद्रा होइनन् भन्ने तर्फ सोच्नु बढी उपयुक्त

होला जस्तो लाग्दछ । सत्यमोहन जोशीले पनि सिद्धिनरसिंह मल्लका माटाका मुद्रा भनिनेलाई टोकन मात्र मान्नु भएको पाइन्छ ।

**मुद्राका नामाङ्कन**

लिच्छवीकालका मुद्राहरूमा देख्न नपाइने तिथि-मिति र शासक वर्गका नाम मध्यकालीन मुद्राहरूमा देख्न पाइन्छ । प्रायःजसो मध्यकालीन मुद्राहरूमा राजा रानीको नाम, चौताराको नाम, राजमाताको नाम वा आफ्ना पूर्वजहरूको नाम उल्लेख भएको पाइन्छ । परिणाममा कुन मुद्राहरू कुन शासकले प्रचलनमा ल्याएका हुन् भन्ने कुराको पहिचान गर्न सजिलो भएको छ । यसरी मुद्रामा नाम अंकित गर्नाले इतिहास लेखन कार्यमा सजिलो भएको छ । भक्तपुरका शासक जगतप्रकाश मल्लका मुद्रामा मन्त्री चन्द्रशेखर (ढुङ्गेल; २०४१) र कान्तिपुरका शासक भूपालेन्द्र मल्लको मुद्रामा मन्त्री लक्ष्मी नारायण जोशीको समेत नामाकंन गरिएको पाइन्छ । (मानन्धर; २०४३) पाटनका मुद्राहरूमा भने भारदारहरूको नाम अङ्कित गरिएको पाईदैन । यसैगरी कान्तिपुरका राजा प्रताप मल्लका मुद्रामा रानी रूपमती देवी, भूपालेन्द्र मल्लका मुद्रामा ऋद्धिलक्ष्मी, पार्थिवेन्द्र मल्लका मुद्रामा राज्यलक्ष्मी देवी, जगज्जय मल्लका मुद्रामा रानी कुमुदिनी देवी, जयप्रकाश मल्लका मुद्रामा आमा कुमुदिनी देवी, पाटनका राजा लोकप्रकाश मल्लका मुद्रामा आमा योगमतीदेवी, इन्द्र मल्लका मुद्रामा रानी भाग्यवती देवी, वीरनरसिंह मल्लका मुद्रामा पत्नी योगमती देवी, राज्यप्रकाश मल्लका मुद्रामा जयलक्ष्मीको नामाङ्कन गरिएको छ । तर भक्तपुरका मुद्राहरूमा भने रानी वा राजमाताको नाम उल्लेख भएको पाइँदैन । पाटनका राजा महीन्द्र मल्लका मुद्रामा वावु योगनरेन्द्र मल्ल, विश्वजित, विष्णु मल्ल र राज्यप्रकाश मल्लका मुद्रामा पूर्खा योगनरेन्द्र मल्ल, कान्तिपुरका राजा जगज्जय मल्ल, जयप्रकाश मल्ल र ज्योति प्रकाश मल्लका मुद्रामा पूर्खा महीपतिन्द्र मल्लको नाम अंकित गरिएको छ । भक्तपुरका मुद्राहरूमा पूर्खा राजाहरूको नाम पाइँदैन । कान्तिपुरका राजा प्रताप मल्लले आफ्नै जीवनकालमा छोराहरूलाई तालिम दिने उद्देश्यले राजा बनाए र उनीहरू कै नामबाट मुद्रा प्रकाशनमा ल्याउने इतिहासको थालनी गरेको पाइन्छ । विभाजित काठमाडौँ उपत्यकाका मल्ल शासकहरूमा कान्तिपुरका राजा प्रताप मल्ल र पाटनका राजा सिद्धिनरसिंह मल्लले ने.सं. ७६१ देखि मितियुक्त मुद्राको आरम्भ गरेको र यो क्रम पछि सम्म रहिरहेको पाइन्छ । यसरी राजा, रानी, राजमाता, पूर्खा र मन्त्रीको नाम मुद्रामा उल्लेख गराउनाले तत्कालीन राजनीतिक स्थितिको भूमिकाका वारेमा मूल्याङ्कन गर्न सहयोग मिलेको छ ।

**उपाधि**

मल्लकालीन शासकहरूले आफूले लिएका उपाधिहरू मुद्रामा अङ्कन गराउने प्रचलनलाई अगाडि बढाउँदै लगेका छन् । जस्तै कान्तिपुरका राजा महेन्द्र मल्लका मुद्रामा काष्ठमण्डपाधिपति, प्रताप मल्लका मुद्रामा शानइलाही, जाहागिर, कविन्द्र, राजेन्द्र, पार्थिवेन्द्रका मुद्रामा महाराज नेपालेन्द्र, भूपालेन्द्र मल्लका मुद्रामा गिरिन्द्र राजराजेन्द्र, चूडामणि सम्राट, नेपालेश्वर, राजेन्द्र, भाष्कर मल्लका मुद्रामा नेपालेश्वर, गिरीन्द्र, जगज्जय मल्लका मुद्रामा नेपालेश्वर, राजेन्द्र, जयप्रकाश मल्लका मुद्रामा नेपालेश्वर, पाटनका राजा श्रीनिवाश मल्लको मुद्रामा नेपालेश्वर, योगनरेन्द्र मल्लका मुद्रामा संगितार्णवपारग, नेपाल चूडामणि, तेजनरसिंह मल्लका मुद्रामा जाहांगीर शाह आदि उपाधिहरू उल्लेख भएको पाइन्छ । तर भक्तपुरका राजाहरूले प्रचलनमा ल्याएका मुद्राहरूमा भने उपाधि अङ्कन गराउने प्रचलन रहेको देख्न पाइँदैन । यी उपाधिहरूको आधारमा तत्कालीन राजाहरूको प्रभुत्व र व्यक्तित्वका वारेमा मूल्याङ्कन गर्न सरल हुनु नै मल्लकालीन मुद्राहरूको एउटा विशेषता हो ।

**नाप-तौल**

मल्लकालीन मुद्राहरू विभिन्न नाप-तौल भएका पाइन्छन् । चाँदीका मोहोरहरूको तौल सरदर १५८ ग्रेनदेखि ७० ग्रेनसम्म रहेको छ भने सुकी मुद्राहरू सरदर ४० ग्रेन तौलदेखि २० ग्रेन तौलसम्म भएका पाइएका छन् । फुकादाममा सरदर २.७५ ग्रेन तौल रहेको पाइन्छ । मुद्राका नापमा

पनि एक रूपता रहेको पाईदैन । ठूला मोहोरहरूको व्यास वा नाप ३.२ से.मी. छ भने साना मोहोरहरूको व्यास सरदर २.४ से.मी सम्म रहेको पाइन्छ । सुकी मुद्राहरूको नाप भने सरदर १.८ से.मी. देखि ०.८ से.मी. सम्म रहेको छ । मोहर-रुपियाको तौल तय गर्दा समकालीन भारतीय मुगल शासकका रुपियाँ पद्धति (तोला पद्धति) लाई अपनाएको देखिन्छ । सामान्यत: असल रुपियां १ तोला र मोहर आधा तोला (५.६ ग्राम) को हुने गर्दछ ।

**तन्त्रमन्त्रको प्रभाव**

लिच्छवीहरूले अपनाई आएका स्थुल पूजा-विधिलाई त्यागेर मल्लहरूले सूक्ष्म पूजा-विधिलाई ग्रहण गरेको कुरा उनीहरूका मुद्रामा अङ्कित तन्त्र-मन्त्रका प्रतीक विभिन्न यन्त्रहरूले स्पष्ट पार्दछन् । मल्लकालीन शासकहरूले मुद्रामा अंकन गराएका यी यन्त्रहरूले विभिन्न रूपको प्रतिनिधित्व गरेको पाइन्छ । एक-एक यन्त्रले पृथक-पृथक देवीलाई संकेत गर्दछ । यी यन्त्रहरूमा गुह्यभाव निहित हुन्छ । कालीयन्त्र, श्रीयन्त्र, षोडसीयन्त्र, तारा आदि मल्लकालीन मुद्राहरूमा पाइनु यसको एउटा विशेषता नै हो । यन्त्रलाई मुद्रामा त्रिकोण, षटकोण, अष्टकोण, अष्टदल, नवकोण, भूपूर, अष्टमण्डल आदि पृष्ठभूमिमा देखाइएको पाइन्छ । गोलचक्काभित्र बीचमा त्रिकोण भएमा काली यन्त्र, साना-ठूला त्रिकोणहरूको धेरै समिश्रण भएका श्रीयन्त्र, कमलको अष्टदलभित्र त्रिकोण भएको तारायन्त्र र दुईवटा त्रिकोणको समिश्रण भएका षोडशीयन्त्र बन्दछ । (जोशी; २०४२) यी तान्त्रिक यन्त्रका सबैभन्दा बढी प्रकारहरू पाटनका राजा योगनरेन्द्र मल्लका समयदेखि विकसित भएको देखिन्छ । मुडामा खड्गको प्रयोग पनि शाक्त तन्त्रको प्रभावबाट आएको मान्न सकिन्छ ।

**श्री को अङ्कन**

हिन्दू आर्य संस्कृतिमा "श्री" को स्थान विशिष्ठ रहेको छ । "श्री" लाई अग्रिम स्थानमा नराखि हिन्दू समाज, साहित्य र कलाका क्षेत्रमा गरिएका कार्यहरू अशुभ मानिन्छन् । "श्री" ईश्वरका शक्तिका रूपमा, सर्व-साधारण व्यक्तिमा शोभाका रूपमा, मान्यजनमा सम्मानका रूपमा, धार्मिक प्रतिभाशाली व्यक्तिहरूमा मर्यादाका रूपमा, शक्तिशाली व्यक्तिहरूमा उपाधिका रूपमा र राजामा सार्वभौमिक सम्पन्नता र सर्व-शक्तिमान एकताको प्रतीकका रूपमा र राजामा सार्वभौमिक सम्पन्नता र सर्व-शक्तिमान एकताको प्रतीकका रूपमा रहेको पाइन्छ । (जोशी; २०४२) नेपालमा हिन्दू राज्य व्यवस्थाको आदर्श राजतन्त्रात्मक व्यवस्थाका राजाहरूमा सर्व-प्रथम मुद्रा प्रकाशमा ल्याउने मानदेव, अंशुवर्मा र जिष्णुगुप्तका मुद्रामा नामका अगाडि एउटा "श्री" प्रयोग भएको पाइन्छ । अपवादका रूपलाई छोडेर प्रायः मल्ल राजाहरूको मुद्रामा राजाको नाम अगाडि दुईवटा श्री श्री र इष्टदेव देवीको नाम अगाडि तीन वटा श्री श्री श्री लेख्ने चलन रहेको कुरा मुद्रा अध्ययनबाट थाहा हुन्छ । शाह राजाहरूले भने मुद्रामा आफ्ना नाम अगाडि तीन वटा श्री श्री श्री लेख्ने चलन चलाए । उपरोक्त विवरणहरूबाट नेपाली मुद्राको इतिहासको थालनीदेखि अद्यावधि सम्मका राज खलकहरू आर्यमर्यादाभित्रका रहेछन् भन्ने कुराको जानरकारी मुद्रामा "श्री" को अङ्कन गराइनुबाट हुन्छ । यो परम्परा नेपाली मुद्राको एउटा विशेषता नै भैसकेको छ ।

**वर्गीकरण**

व्यावसायिक प्रयोगका लागि मुद्राको मूल्य, तौल र आकार तोकी वर्गीकरण गरिने विश्वव्यापी प्रचलन छ । प्राचीन नेपालमा प्रचलित लिच्छविकालीन मुद्राको विपरित मल्लकालीन मुद्राहरू निश्चित मूल्यका आधारमा वर्गीकरण गरिएको पाइन्छ । डवलमोहर, मोहोर, सुकी, दाम आदि मूल्यमा मल्लकालीन मुद्राहरू वर्गीकरण गरिएका छन् । इ.एच. वाल्सकानुसार त्यसवेला चारदाम वरावर एकपैसा, वार पैसाको एक दोआनी, दुई दोआनीको एकसुकी, दुई सुकीको एक मोहोर र दुई मोहोरको एकडबल मोहोर हुने गर्दथ्यो । (जोशी; २०४२)

## लिपि, भाषा र सम्वत्

मल्लकालीन मुद्राहरूमा रन्जना र नेवारी लिपिको प्राधान्यता रहेको छ। योगनरेन्द्र मल्लले भने देवनागरिक लिपिलाई पनि स्थान दिएको देख्न पाइन्छ। मुद्रामा प्रयोग गरिएको भाषा भने संस्कृत नै छ। यस्ता मुद्राहरूमा नेपाल सम्वत प्रयोग गरिएको छ। पछिल्ला मल्लराजाहरूले आफ्ना मुद्रामा संस्कृत शब्दलाई अशुद्ध लेख्ने गरेबाट अपभ्रंश शब्दहरू प्रचलित हुन आएको देखिन्छ। जस्तै पाटनका राजा महीन्द्र मल्लको मुद्रामा श्री श्री करुणामय हुनु पर्नेमा श्री श्री श्री करुणामय हुन पुगेको छ। यिनकै मुद्रामा श्री श्री लोकनाथ नम अंकित गरिएको छ, जवकी यसको शुद्ध रूप श्री श्री लोकनाथायनमः हुन्छ। (छोचुं २०२३) योगनरेन्द्र मल्लको एउटा मुद्रामा एकातिर नेवारी लिपिमा सङ्गीतार्णवपारग श्री श्री जय योगनरेन्द्र मल्ल अंकित छ भने अर्कातिर देवनागरि लिपिमा नेपाल चूडामणि श्री श्री वीर योगनरेन्द्र मल्ल उल्लेख गरिएको छ। मुद्राको दुवै पाटामा अलग-अलग लिपिमा आफ्नो नाम अङ्कन गराउने राजा योगनरेन्द्र मल्ल नै देखिन्छन्।

## वाह्य प्रभाव

मल्लकालीन मुद्राहरूमा प्रशस्त मात्रामा भारततर्फको मौद्रिक शिल्पिको प्रभाव परेको पाइन्छ। इ.एच. वाल्सले मल्लकालीन मुद्रालाई भारतको वङ्गालका तत्कालीन शासकहरूको मुद्राका नक्कल मानेका छन्। खास गरेर कान्तिपुरका राजा शिवसिंह मल्ल, लक्ष्मी नरसिंह मल्ल, प्रताप मल्ल र उनका छोराहरूका मुद्रा, पाटनका राजा तेजनरसिंह मल्लका मुद्रामा पर्सियन ढाँचा देख्न पाइन्छ भने भक्तपुरका राजा जगतप्रकाश मल्ल, जितामित्र मल्ल र रणजित मल्लका मुद्रामा वङ्गालका शासकहरूको मुद्राको प्रभाव पारेको देख्न सकिन्छ। शिवसिंह मल्लका मुद्रामा अङ्कित अरबियन ढाँचाका अक्षरलाई आर.डी. वनर्जीले अला उड् दुनया वाडदिन आस सुल्तान अवुल मुजफ्फर (Aloud-dunga wad-din as Sultan Abul Muzaffer) भनेर पढेका छन्। प्रताप मल्ल र तेजनरसिंह मल्लले लिएका टाइटिल र अरबियन अक्षरहरू मुद्रामा अङ्कन गरिनाले नै मल्लकालीन मुद्राहरूमा वाह्य प्रभाव परेको कुरा विद्वान्हरू स्वीकार गर्दछन्।

## निर्माण प्रकृया

मल्लकालीन मुद्राहरूको वनोट विधिमा ढाल्ने प्रविधि रहेको पाइन्छ। मईनको साहाराबाट शुरुमा मुद्राको स्वरूप तयार पारिन्थ्यो र यसरी तयार पारिएको स्वरूपालई माटाको साँचोमा राखेर तताइ त्यसपछि पगालिएको धातु त्यसभित्र हालिन्थ्यो र अन्त्यमा माटाको साँचो फूटाई सिक्काको रूपमा जमेको धातुलाई बाहिर निकालेर स-साना ज्यावलहरूको सहायताले मुद्रालाई परिष्कृत पार्ने गरिन्थ्यो।

## धार्मिक प्रतीक वा चिन्ह

मल्लकालीन मुद्राहरूमा शक्ति उपाशनाको रूपमा अथवा इष्टदेवीको प्रतीकको रूपमा खड्ग, वज्र, त्रिशुल आदि चित्र अङ्कित गर्नका साथै इष्टदेव-देवीको नाम पनि उल्लेख गरिएको पाइन्छ। विभिन्न मल्लराजाहरूका मुद्रामा अङ्कित धार्मिक प्रतीक वा चिन्ह यस प्रकार रहेका छन्। कान्तिपुरका राजा महेन्द्र मल्लका मुद्रामा त्रिशुल, वज्र: शिवसिंह मल्लका मुद्रामा चन्द्रमा, लक्ष्मीनरसिंहका मुद्रामा त्रिशुल, शङ्ख, डमरु, प्रताप मल्लका मुद्रामा त्रिशुल, खडग, चक्रवतेन्द्र मल्लका मुद्रामा शङ्ख, चक्र, धनुष, वाण, डमरु, पाश, अङ्कुश, खडग, महीपतेन्द्र मल्लका मुद्रामा चन्द्रमा, त्रिशुल खड्ग, नृपेन्द्र मल्लका मुद्रामा सूर्य, त्रिशुल, खड्ग; पार्थिवेन्द्र मल्लका मुद्रामा सूर्यमूर्ति, त्रिशुल, शङ्ख, कलस, चक्र, गधा, पदम्, ध्वजा, चन्द्र, खडग, एकजोडी माछा, चमर, सिन्दुरदानी, आर्सि, भूपालेन्द्र मल्लका मुद्रामा खडग, त्रिशुल, चन्द्रमा, जोडीमाछा, छत्र, शङ्ख, श्रीवत्स, ध्वज, कलश, कमल, चक्रभाष्कर मल्लका मुद्रामा त्रिशुल, खडग, चन्द्रमा, शङ्ख, सूर्य, अष्टमङ्गलका चित्र; जगज्जय मल्लका मुद्रामा त्रिशुल, अष्टमङ्गलका चित्र, खडग, चन्द्रमा; जयप्रकाश मल्लका मुद्रामा सूर्य, चन्द्र मालासहितको खडग, त्रिशुल, डमरु, पाटनका राजा सिद्धिनरसिंह मल्लका मुद्रामा खडग, सूर्य,

चन्द्रमा; श्रीनिवाश मल्लका मुद्रामा चन्द्रमा, खडग, कलश, फूल, ध्वजा, तोरण; योगनरेन्द्र मल्लका मुद्रामा खडग, चन्द्र, सूर्य, त्रिशुल, आर्सी, सिन्दुरदानी, शङ्ख; लोकप्रकाश मल्लका मुद्रामा त्रिशुल, खडग, सूर्य, आर्सि, सिन्दुरदानी; इन्द्र मल्लका मुद्रामा त्रिशुल, खडग, सूर्य, चन्द्र, सिन्दुरदानी, आर्सि; वीरनरसिंह मल्लका मुद्रामा त्रिशुल, खडग, चन्द्रमा, आर्सी, सिन्दुरदानी; महीन्द्र मल्लका मुद्रामा त्रिशुल, खडग, सूर्य; ऋद्धिनरसिंह मल्लका मुद्रामा सूर्य, चन्द्र, खडग; महीन्द्र सिंहका मुद्रामा त्रिशुल, अष्टमङ्गलका चिन्ह, खडग; योगप्रकाश मल्लका मुद्रामा त्रिशुल, खडग, सूर्य, चन्द्र; विष्णुमल्लका मुद्रामा त्रिशुल, शङ्ख, चक्र, गधा, पद्म, सूर्य, खडग; राज्यप्रकाशका मुद्रामा त्रिशुल, खडग; जयप्रकाश मल्लका मुद्रामा त्रिशुल, अष्टमङ्गलका चिन्ह, खडग; रणजित मल्लका मुद्रामा खड्ग, त्रिशुल; विश्वजित मल्लका मुद्रामा त्रिशुल, सूर्य, चन्द्र; दलमर्दन शाहका मुद्रामा स्वस्तिक, शङ्ख, चक्र, गदा, पद्म, सूर्य खड्ग; तेजनरसिंह मल्लका मुद्रामा त्रिशुल, सूर्य, चन्द्र, पादुका, शङ्ख, चक्र, गदा, पद्म र भक्तपुरका राजा जगतप्रकाश मल्लको मुद्रामा डमरु, त्रिशुल; जितामित्र मल्लका मुद्रामा चन्द्रमा; भूपतीन्द्र मल्लका मुद्रामा त्रिशुल, खडग, चन्द्र, कलश; रणजित मल्लका मुद्रामा खडग, त्रिशुल, धनुष र वाण, शङ्ख, चक्र, अङ्कुश, पाश, पद्म, गधा, सूर्य, पूर्णकलश आदि देखन पाइन्छ । उपरोक्त चिन्हरूले शैव, शाक्त वैष्णव र वौद्धधर्मको प्रतिनिधित्व गर्दछन् र राजाहरूमा रहेको धार्मिक सहिष्णुताका वारेमा पनि मुद्रामा अङ्कित चिन्हहरूवाट थाहा पाउन सकिन्छ । भक्तपुरका राजाहरूका मुद्रामा अष्टमंगलका पूर्ण चिन्हहरू राख्ने गरेको देखिँदैन । यस अर्थमा भक्तपुरका राजाहरूका मुद्रामा वौद्धधर्मको प्रभाव कम मात्रामा परेको बुझिन्छ । मल्लराजाहरूले आ-आफ्ना इष्टदेवीका नाम पनि मुद्रामा अङ्कन गराइएको पाइन्छ । कान्तिपुरका राजा जयप्रकाश मल्लका मुद्रामा श्रीकुमारी, तलेजुमाजु, पशुपति, कुमारीमाजु, गुह्येश्वरी अभिलेख, उत्कीर्ण गरेको छ भने पाटनका राजा योगनरेन्द्र मल्लका मुद्रामा श्री श्री तलेजुसहाय, लोकनाथ; लोकप्रकाश मल्लका मुद्रामा करुणामय, लोकनाथ, इन्द्र मल्लका मुद्रामा लोकनाथ, वीरनरसिंह मल्लका मुद्रामा लोकनाथ साहा, लोकनाथ; महीन्द्र मल्लका मुद्रामा लोकनाथनम्, ऋद्धिनरसिंह मल्लका मुद्रामा लोकनाथ, करुणामय, भाष्कर मल्लको मुद्रामा कलुनामय, योगप्रकाश मल्लका मुद्राामा करुणामय, विष्णुमल्लका मुद्रामा करुणामय, राज्यप्रकाश मल्लका मुद्रामा लोकनाथ, हरिसिद्धि, रणजीत मल्ल पाटनका राजा हुँदा प्रकाशित मुद्रामा करुणामय, जयप्रकाश मल्ल पाटनमा राजा हुँदाका मुद्रामा करुणामय, कुमारी भाजु, श्री तलेजुभाजु, विश्वजित मल्लका मुद्रामा हरसिद्धि, लोकनाथ, दलमर्दन शाहका मुद्रामा करुणामय र तेजनरसिंह मल्लका मुद्रामा लोकनाथ आदि उल्लेख भएको पाइन्छ । तर भक्तपुरका राजाहरूद्वारा प्रकाशित मुद्रामा भने इष्टदेवीको नाम उत्कीर्ण गरेको पाईदैन ।

**मुद्रामा पशुआकृतिको अभाव**

लिच्छवीकालीन मुद्राहरूमा पाइने पशु-आकृतिहरू मल्लकालीन मुद्राहरूमा नपाईनु यसको अर्को विशेषता हो । कान्तिपुरका राजा शिवसिंह मल्लका मुद्रामा र पाटनका राजा सिद्धिनरसिंह मल्ल तथा ऋद्धिनरसिंह मल्लका मुद्रामा अपवादका रूपमा सिंहको आकृति देखन पाइन्छ । यो आकृतिले पनि नामको बोध गराउँदछ । कान्तिपुरका राजा जयप्रकाश मल्लको मुद्रामा भने अपवादका रूपमा कुकुरको आकृति उत्कीर्ण गरिएको छ ।

**आकार-प्रकार र कला**

मल्लकालका मुद्राहरू लिच्छवीकालको तुलनामा ज्यादै कलात्मक छन् । प्राप्त मुद्राहरू गोला र चारकुने रहेका छन् । तर कान्तिपुरका राजा प्रताप मल्लका गोलाकार मुद्राको अतिरिक्त चारकुने डवल मोहोर पनि पाइन्छन् । यस्तै पार्थिवेन्द्र मल्लका चारकुने सुकी मुद्रा र योगनरेन्द्र मल्लका तीनकुने सुकी मुद्राहरू पाइन्छन् । यस्ता मुद्राहरूमा कलाकारले अनेकौं चिन्हरू, वुटाहरू र आकृतिहरू कुँदेर कलात्मक र आकर्षक बनाएका छन् । मल्लकालीन संस्कृतिका प्रतीक अष्टमङ्गलका चिन्ह, चन्द्र, सूर्य, कलश आदि मुद्रामा देखन पाइन्छ । अङ्कुश, धनुष र वाण, पाश आदि पनि मल्लकालीन मुद्रामा सुन्दर तरिकाले अङ्कन गरिएका छन् । रणजित मल्लका मुद्रामा धनुषमा वाण चढाएको चित्र अत्यन्त

कलात्मक देखिन्छ । यसरी नै धनुषमा पाँचवटा वाण राखेको चित्र पार्थिवेन्द्र मल्लको मुद्रामा रहेको देख्न सकिन्छ । मल्लकालीन मुद्राका सुन्दर पक्ष जगज्जय मल्लका मुद्राको फूलको माला, महेन्द्र मल्लको मुद्राको पहाडका चुच्चे चित्र आदि महत्त्वपूर्ण मानिन्छन् । मल्ल शासकहरूले मुद्रालाई अलङ्करण युक्त बनाउनका लागि ज्यामितीय रेखाहरू तर्फ पनि विशेष ध्यान पुऱ्याएको देखिन्छ ।

अन्तमा मल्लकालीन मुद्रामा उपरोक्त विशेषताहरूले त्यस समयमा मौद्रिक शिल्पीको विकाश भैसकेको देखाउँछ । देशभित्रको व्यापार बाहेक अन्य मुलुकहरूको व्यापार मौद्रिक माध्यमको सुविधाले गर्दा फष्टाएको थियो । तिव्वती वजारका लागि मल्ल राजाहरूले छुट्टै मुद्राहरू ढाल्ने गर्दथे । तिब्बतबाट धातु पनि ल्याइन्थ्यो ।

**सन्दर्भ-कृतिसूची**


अधिकारी, सूर्यमणि (२०५३), *पश्चिम नेपालको खस अधिराज्य,* कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., पृ. ११३-१४ ।

छोचुं, महेश्वरमान (२०२३), *मुद्रामा राजमुकुटको नामको अगाडि श्री,* (काठमाडौं : श्री ५ को सरकारको मुद्रा संग्राहलाय), पृ. १ ।

जोशी, सत्यमोहन (२०४२), *नेपाली राष्ट्रिय मुद्रा,* ललितपुर : साझा प्रकाशन, पृ. ८१-८३ ।

ढुङ्गेल, रमेश (२०४३), *प्राचीन अर्थव्यवस्था,* काठमाडौं : शारदाप्रसाद उपाध्याय ढुङ्गेल, पृ. ११९-२६, चित्रफल नं. १४ ।

-----------, (२०४१), "मौद्रिक परम्परा र केही नेपाली माटोका मुद्रा," *सि.एन.ए.एस.जर्नल,* भोलेम ११, नं. २, (अप्रिल १९८४), पृ. ७८ ।

पाण्डेय, प्रा. डा. रामनिवाश (२०३३), *मेकिङ अफ मोडेन नेपाल,* नयाँ दिल्ली : निराला पब्लिकेशन, पृ. ४४७ ।

वर्जाचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ (२०३१), *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौ : नेपाल र एशियाली अनुसन्धान संस्थान, पृ. ६४ ।

मानन्धर, पूर्णदास (२०४३), "योगनरेन्द्र मल्लका दुई माटाका मुद्रा," *गरिमा,* काठमाडौं : साझा प्रकाशन, वर्ष ४, अङ्क ८, पूर्णाङ्क ४४, साउन २०४३, पृ. ८९ ।

श्रेष्ठ, टेकबहादुर (२०४२), *पर्वत राज्यको ऐतिहासिक रूपरेखा,* कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि., पृ. ३८ ।

लम्साल, पं. देवीप्रसाद (२०३३), *भाषावंशावली भाग २,* काठमाडौं : श्री ५ को सरकार, शि.म. पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय, पृ. ५ ।